# पोखरा विश्वविद्यालय
## व्यवस्थापन संकाय
## स्नातकोत्तर तहको एम.वि.ए. कार्यक्रमहरुमा अगष्ट २०२० सेसनको
## छात्रवृत्तिसम्बन्धि विस्तृत जानकारी

**(मिति २०७७/०३/३१ गते बुधवार कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित एम. वि. ए. कार्यक्रमहरुमा भर्ना सम्बन्धि सूचना सँग सम्बन्धित छात्रवृत्ति बारेमा विस्तृत जानकारी )**

पोखरा विश्वविद्यालय अन्तर्गतका आङ्गिक (स्वीकृत भर्ना कोटाको २०%) तथा सम्बन्धन प्राप्त (स्वीकृत भर्ना कोटाको १०%) कलेज तथा शिक्षण संस्थाहरुमा देहाय बमोजिमका कार्यक्रम तथा देहाय अनुसारको निःशुल्क छात्रवृत्तिको लागि खुल्ला प्रतियोगिताबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । प्राप्त हुने सिट संख्यामध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदाय छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५०/५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

देहाय अनुसारको निःशुल्क छात्रवृत्ति बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेका विद्यार्थीहरुलाई पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ बमोजिम तेस्रो चरणको Scholarship Awarded List प्रकाशित गरी छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा कोटा वा सिट खाली रहेमा मात्र संस्थागत वा निजी विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका र पो.वि.छात्रवृत्तिको मेरिट लिष्टमा समावेश भएका विद्यार्थीहरुलाई मात्र बाँकी रिक्त कोटाहरुमा अध्ययनको लागि निवेदन माग गरिने छ । यसरी संस्थागत वा निजि विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरुका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुल्ला छात्रवृत्ति सरह उनीहरुको मेरिटलिष्टका आधारमा छात्रवृत्ति वितरण गरिने छ । छात्रवृत्तिका लागि लाग्ने दरखास्त दस्तुर रु. १,०००। , एक हजार, पो. वि. व्यवस्थापन संकायको नाममा **कामना सेवा विकास बैंक लि. मा रहेको खाता नं. ०१७००३००२१२३१७०००००१ वा NIC Asia Bank Ltd. मा रहेका खाता नं ७३४१०५२३४३१५२४०१** मा जम्मा गरी सो बैंक भौचर सहित दरखास्त फाराम बुझाउनु पर्नेछ । दरखास्त फाराम बुझाउदा अनलाइनको माध्यमबाट पनि बुझाउन सकिनेछ र तोकिएका सबै कागजातहरु Attach गर्नुपर्नेछ ।

**१. छात्रवृत्तिको प्रकारः-**

**क)** खुल्ला छात्रवृत्ति **ख)** स्थानिय छात्रवृत्ति **ग)** दलित छात्रवृत्ति **घ)** जनजाति छात्रवृत्ति **ङ)** दुर्गम छात्रवृत्ति **च)** अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **छ)** शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज)** मधेसी समुदाय छात्रवृत्ति ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम:**

**२.१ व्यवस्थापन संकाय अन्तर्गत स्नातकोत्तर तहका कार्यक्रम**

1. Master of Business Administration (MBA)
2. MBA-Global Business
3. MBA-Finance

**२.१ छात्रवृत्ति कोटा सम्बन्धी जानकारी**

| S.N. | Program | Quota |
|---|---|---|
| 1. | Master of Business Administration (MBA) | २९ |
| 2. | Master of Business Administration in Global Business (MBA Global Business) | ३ |
| 3. | Master of Business Administration in Finance ( MBA Finance) | ६ |
| | **जम्मा** | ३८ |

**नोटः माथि उल्लेखित कोटाहरुमा थपघट पनि हुनसक्नेछ ।**

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(क) उम्मेदवार **नेपाली नागरिक हुनुपर्नेछ** ।

(ख) स्नातक तह वा सो सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट **उत्तिर्ण भएको मितिले ३ बर्ष अवधि ननाघेको** व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन । MBA कार्यक्रमको हकमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(ग) स्नातक तहमा **कम्तिमा दोस्रो श्रेणीमा उत्तिर्ण** गरेको हुनुपर्नेछ वा **न्युनतम सिजिपिए २.०** (कम्तिमा दोस्रो श्रेणी) हुनुपर्नेछ ।

(घ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको क्षेत्रमा स्थायी बसोबास भई सार्वजनिक / सामुदायिक / नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालयमा अध्ययन गरी प्रवेशिका परीक्षा (SLC/SEE) उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(ङ) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट / जनजातिका लागि आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट / मधेशी आरक्षण सीटका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भए अनुसारको जातिहरु हुनुपर्नेछ ।

(च) स्थानिय छात्रवृत्तिको लागी आवेदन गर्ने उम्मेदवारहरु पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिक हुनुपर्नेछ र यो छात्रवृत्ती प्राप्त गर्नेले पोखरा विश्वविद्यालयको खुदी, पोखरामा रहेको आंगिक स्कुल, स्कूल अफ् बिजनेसको MBA मा अध्ययन गर्नुपर्नेछ । विश्वविद्यालयको निर्णय अनुसार यस स्थानिय छात्रवृत्तिको लागी आवेदन गर्ने उम्मेदवारहरु मध्ये सबैभन्दा उच्च अंक प्राप्त गर्ने

उम्मेदवारलाई स्थानिय छात्रवृत्तीका लागि छनोट गरिनेछ र अन्य उम्मेदवारहरुका हकमा निजहरुको मेरिट अंकका आधारमा नियमानुसार खुल्ला छात्रवृत्तीमा समावेश गरिनेछ ।

(छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४.उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

४.१ सरकारी सामुदायिक विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछ:

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(घ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ङ) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(च) जनजातिले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट आदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(छ) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ज) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(झ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि

४.२ संस्थागत वा निजी विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछ:

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**५.माथि भनिएका कागजातहरुको अतिरिक्त देहायबमोजिमको सिफारिस पत्र सक्कलै (original documents) पेश गर्नुपर्नेछ :**

**५.१** उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछ :

*नोट : अनलाइनबाट दरखास्त फाराम बुझाउनेका हकमा छात्रवृत्ती समितीले माग गरेको समयमा सक्कल कागजातहरु बुझाउनु अनिवार्य हुनेछ । अनलाइनबाट पेश गरेको कागजात र पछि पेश हुने कागजातमा कुनै फरक हुनुहुदैन र यदि त्यस्तो भएका कानून बमोजिम हुनेगरि प्रकृया अगाडी बढाइनेछ ।*

(क) स्थानिय छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरूले पोखरा महानगरपालिकाको स्थायी बासिन्दा भएको पोखरा महानगरपालिका कार्यालयबाट वा सम्बन्धित वडा कार्यालयबाट ।

(ख) एसइइ वा एसएलसी उत्तिर्ण गरेको विद्यालय सार्वजनिक/सामुदायिक/नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालय हो भनि सम्बन्धित गाउँ पालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका वा जिल्ला शिक्षा समन्वय समितिबाट

(ग) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको सम्बन्धित जिल्ला समन्वय समिति वा नगरपालिका वा गाउँ पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

(घ) अपाङ्ग /घाइतेले दरखास्त दिने भएमा अपङ्गता/अशक्तताको सिरफारिस वा परिचयपत्रका साथै दर्तावाला चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनि प्रमाणित गरेको सिफारिस

**६.दरखास्त फाराम पाउने र बुझाउने स्थान:** व्यवस्थापन संकाय पोखरा विश्वविद्यालय, पोखरा ३० खुदी, कास्की ।

नोट : दरखास्त फाराम पोखरा विश्वविद्यालयको वेभसाईट www.pu.edu.np/edu बाट पनि Download गरि भर्न वा अनलाइन मार्फत पनि पेश गर्न सकिनेछ ।

**७. दरखास्त दस्तुर:** :छात्रवृत्ति कार्यक्रममा भागलिन सबै उम्मेदवारहरुले आवेदन शुल्क रु. १०००।-(अक्षेरुपी एक हजार मात्र) बुझाउनुपर्ने छ । दरखास्त दस्तुर **व्यवस्थापन संकायको** नाममा कामना सेवा विकास बैंक लि. मा रहेको खाता नं. ०१७००३००२१२३१७००००01 वा NIC Asia Bank Ltd. मा रहेको खाता नं ७३४१०५२३४३१५२४०१ मा जम्मा गरी रकम जम्मा गरेको **सक्कल भौचर** डीनको कार्यालय, लेखा शाखामा पेश गर्नुपर्नेछ वा अनलाइनबाट आवेदन दिनेले भौचरको स्क्यान गरिएको प्रतिलिपी attach गर्नु पर्नेछ । छात्रवृत्ति दस्तुर सहित बुझाएको आवेदन फारम कुनै पनि कारणले अस्वीकृत हुन गएमा रकम फिर्ता हुनेछैन ।

आवेदक विद्यार्थीहरुले पोखरा विश्वविद्यालयको छात्रवृत्ति सम्बन्धि नियम र प्रकाशित सूचनाहरुको विस्तृत अध्ययन गरी, आफु स्पष्ट भएर मात्रै आवेदन दिनुहुनका अनुरोध गर्दछौं ।

| | |
|---|---|
| **८. फाराम वितरण :** | २०७७/०४/०४ गते देखि |
| **९. दरखास्त दिने अन्तिम मिति :** | २०७७/०५/०४ गते (कार्यालय समयभित्र) |
| **१०.परीक्षा हुने मिति :** | पछि सूचना प्रकाशन हुनेछ । |
| **११.परीक्षाको किसिम :** | लिखित (वस्तुगत) |
| **१२.लिखित परीक्षाको समय :** | ३ घण्टा । |

**१३.परीक्षा केन्द्र** : कोभिड -१९ को प्रभावको आधारमा पछि आवश्यकता अनुसार परीक्षा केन्द्र तोकी वेभसाईट www.pu.edu.np/edu मा राखिनेछ ।

**१४.लिखित परिक्षा लिईने विषयहरु :** (अ) अंग्रेजी-४० अङ्क (आ) क्वान्टीटेटिभ् एविलिटी-४० अङ्क (इ) लजिकल रिजनिङ्ग -४० अङ्क र (ई) जनरल अवेरनेस-३० अङ्कको परीक्षा दिनु पर्नेछ ।

**सम्पर्कको लागि**

व्यवस्थापन संकाय, पोखरा विश्वविद्यालय, पोखरा -३०, ढुङ्गेपाटन कास्की, फोनः ०६१-५०४०७६ इमेलः fmsadmin@pu.edu.np

**स्नातकोत्तर तह छात्रवृत्ति छनौंट समिति, २०७७**
**पोखरा विश्वविद्यालय**
**पोखरा -३०, कास्की ।**